POKHARA
RESEARCH CENTRE

पोखरा रिसर्च सेन्टरको २०८१ सालमा गरेको विभिन्न अध्ययन तथा बहसमा आधारित

# गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र कृषि बजेटमा सम्बोधन गर्नुपर्ने विषयहरू



# गण्डकी प्रदेशको कृषि क्षेत्रलाई रुपान्तरण गर्न पोखरा रिसर्च सेन्टरद्वारा नीतिगत सुधारका सुझावहरु

| क्र.स. | के गर्ने ? (सुझाव) | किन गर्ने ? (आवश्यकता) | कसरी गर्ने ? (विधि/प्रक्रिया) |
|---|---|---|---|
| १. | व्यावसायिक कृषकमुखी कार्यक्रमहरु तिब्र गतिमा बढाउनुपर्ने । | - व्यावसायिक कृषि मार्फत किसानको आम्दानी वृद्धि गर्न।<br>- विशेषतः ग्रामीण क्षेत्रमा कृषि व्यवसायमा रोजगारीका अवसरहरू सिर्जना गर्न।<br>- खाद्य आपूर्ति सुनिश्चित गर्दै आयातमा निर्भरता घटाउन।<br>- बजारमुखी उत्पादन र नवीन प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न। | - किसान सूचीकरणको प्रक्रियाबाट व्यवसायिक किसान र निर्वाहमुखी किसानको पहिचान गर्ने।<br>- हरेक वर्गका किसानहरुका लागि लक्षित फरक फरक कार्यक्रम बनाउने।<br>- कार्यक्रम बनाउदा सम्भाव्यता अध्ययन, लागत र प्रतिफलको अनुमान तथा अध्ययन गर्नुपर्ने।<br>- व्यवसायिक किसानको लागि लक्षित कार्यक्रमको उपलाब्धिता मापन गर्ने सयन्त्रको निर्माण गर्ने। |
| २. | स्थानीय तहसँगको समन्वय । | - कार्यक्रमको दोहोरोपन, स्रोतको दोहन रोक्न प्रदेश र स्थानीय तहबीचको समन्वय आवश्यक छ।<br>- नीति निर्माणदेखि कार्यान्वयनसम्मको सहकार्यले सेवा वितरण र विकासलाई प्रभावकारी बनाउँछ। | - हरेक पालिकासँग संवाद सुरु गर्ने। कुन जिम्मेवारी कसले लिनु पर्छ र कुन कसले भन्ने विषयमा महत्त्वपूर्ण लामो छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।<br>- प्रतिवेदन तयार गर्ने। कुन निकायले के कस्तो जिम्मेर्वारी बहन गर्ने भनेर पालिका र प्रदेश जनप्रतिनिधिहरु बसेर निर्णय गर्ने। |
| ३. | स्थानीय तहमा प्राविधिक जनशक्तिको संखया वृद्धि गर्ने । | - स्थानीय तहमा कृषि सेवा प्रभावकारी बनाउन।<br>- किसानलाई समयमै प्राविधिक सहयोग (सेवा, सुझाव) उपलब्ध गराउन।<br>- प्रविधिको हस्तान्तरण र फिल्ड अवलोकन प्रणाली सुधार गर्न। | - स्थानीय तहसँगको समन्यवमा हाल उपलब्ध जनशक्ति र उनीहरुको कार्यभार विभाजन गर्ने।<br>- अध्ययनका क्रममा जनशक्ति थप गरीनुपर्ने व़ा जनशक्तिको क्षमता वृद्धि गर्नुपर्ने भन्ने कुराको पनि मपान गर्नुपर्ने।<br>- अध्ययन पश्चातको प्रतिवेदनको आधारमा जनशक्ति थप गर्न र उक्त जनशक्तिको क्षमता वृद्धि गर्न पर्यप्यता बजेट छुटाउने। |
| ४. | कृषि अनुदान कार्यक्रममा एकद्वार प्रणालीको आवशयकता । | - कृषि अनुदान कार्यक्रमलाई पारदर्शी, समन्वित र प्रभावकारी बनाउन।<br>- दोहोरो लाभ रोक्न, अनुदान वितरण प्रक्रिया सरल र सहज बनाउन र अनुदानको पहुँच न्यायसंगत रुपमा सुनिश्चित गर्न। | - केन्द्र, प्रदेश तथा स्थानीय सरकारद्वारा संचालन गरिने अनुदान कार्यक्रमहरुको समिक्षा गर्ने।<br>- अनुदान वितरणको जिम्मा स्थानीय स्थानीय सरकारलाई दिने र केन्द्र र प्रदेश सरकारले त्यसका लागि आवशयक प्राविधिक जनशक्ति, आर्थिक तथा नीतिगत सहयोग गर्ने। |

| | | | |
|---|---|---|---|
| ५. | कृषि कार्यक्रममा भएको लगानी र त्यसको अपेक्षित प्रतिफलको आधारमा कार्यक्रमको पाईलट टेस्टिंग गरेर निष्कर्षहरु तथा प्रमाणित संयन्त्रहरु स्थानीय निकाएलाई हस्तान्तरण गर्नुपर्ने । | - राज्यको ठूलो लगानी कृषि अनुदानमा गएको छ तर उपलब्धि निकै न्यून रहेको ।<br>- सेवाग्राही कृषकसम्म पुग्दा स्थानीय तहका कर्मचारीहरूमा कार्यक्रमको नीति, कानुन र त्यसअनुसार अपेक्षित उपलब्धिहरूको बुझाइमा फरक परेको ।<br>- प्रदेशको प्राविधिक दक्षता पूर्ण रूपमा उपयोग हुन नसकेको । | - प्रदेश कृषि मन्त्रालयले जसरी प्रत्येक अनुदान कार्यक्रम सञ्चालनका लागि मापदण्ड तयार गरेको छ, त्यसैगरी प्रत्येक कार्यक्रमबाट समग्र रूपमा अपेक्षित उपलब्धि वा प्रतिफल के हो भन्ने स्पष्ट पार्ने लिखित मापदण्ड पनि तयार गर्नुपर्ने । |
| ६. | कृषि क्षेत्रका हरेक कार्यक्रमहरुको उचित मुल्यांकन र अनुगमन गरिनुपर्ने । | - कार्यक्रमहरूको प्रभावकारिता र सफलतासँगै कृषकहरूको वास्तविक आवश्यकता बुझ्न ।<br>- यसले अनुदान र स्रोतहरूको न्यायोचित वितरण सुनिश्चित गर्नेछ।<br>- अनुगमनबाट कार्यक्रम कार्यन्वयनको वास्तविक अवस्था पत्ता लगाउन मद्दत मिल्छ।<br>- मूल्याङ्कनले कार्यक्रम सुधारका लागि आवश्यक परिवर्तनहरू गर्न अवसर दिन्छ।<br>- यसले कृषिमा दीर्घकालीन विकास र स्थायीत्व ल्याउन योगदान पुर्याउँछ। | - प्रदेशले आर्थिक लेखापरिक्षणको साथसाथै सामाजिक लेखापरिक्षण पनि गर्ने।<br>- जसरी प्रदेशले अनुदान कार्यक्रमका लागि मापदण्ड तयार गरेको छ, त्यसैगरी सबै निकायहरूले कार्यक्रम कार्यान्वयनका लागि उपयुक्त मापदण्ड तयार गर्ने।<br>- कार्यक्रमको अनुगमनका लागि मापदण्ड तयार गरी त्यसलाई व्यवहारमा लागू गर्ने ।<br>- उक्त मापदण्ड कार्यक्रमको आरम्भमा तोकिएको उद्देश्यसँग प्रतिफलको मेल कसरी हुन्छ भन्ने कुरालाई ध्यानमा राखी तयार गर्ने ।<br>- प्रदेशले आर्थिक लेखापरिक्षणसँगै सामाजिक लेखापरिक्षण पनि गर्ने।<br>- अनुदान कार्यक्रमको मापदण्ड बनाउँदै, सबैले कार्यक्रमको कार्यान्वयन मापदण्ड तयार गर्ने।<br>- कार्यक्रमको अनुगमन मापदण्ड तयार गरेर व्यावहारिक रूपमा लागू गर्ने।<br>- मापदण्ड तयार गर्दा कृषी कार्यक्रमको आरम्भमा तय गरिएका उद्देश्यसँग कार्यक्रमको परिणाम कसरी मेल खाने भन्ने कुरामा ध्यान दिनुपर्ने । |

| | | | |
|---|---|---|---|
| ७. | ट्र्याकिं संयन्त्रहरुको प्रयोग गरी वर्षीनी कृषि कार्यक्रमद्वारा वितरण गरिने यन्त्रहरु, बिउबिजन, प्लास्टिक, टनेल ईत्यादी अनुदानको प्रभावकारीता तथा उत्पादनमा प्रभाव मापन गर्नुपर्ने । | हाल स्थान-स्थानमा खटाइएका प्राविधिकहरूको मौखिक अनुमानको आधारमा कार्यक्रमको उपयोगिता मापन भइरहेको छ, जसका कारण वास्तविक मूल्यांकन गर्न सकिँदैन । | - डिजिटल ट्र्याकिङ उपकरणको प्रयोग गरेर कोष विनियोजन, अनुदान वितरण र कृषि उपजको प्रयोगको अनुगमन गर्ने।<br>- कोष विनियोजन, अनुदान वितरण तथा प्राप्ति, साथै अनुदानको अघी र पछि हुने उपलब्धिको मापनका लागि मेट्रिक्स तयार गर्ने।<br>- खटाइएका प्राविधिक तथा अन्य कर्मचारीहरूले ती मेट्रिक्सका आधारमा सबै विवरणहरू डिजिटल रूपमा अभिलेख गरेर मात्र अन्तिम प्रतिवेदन तयार गर्ने। |
| ८. | स्वतन्त्र तथा प्रविधिमैत्री अनुगमन प्रणाली लागू गर्नुपर्ने । | - कृषि कार्यक्रमको पारदर्शिता, जवाफदेहिता र परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्न स्वतन्त्र तथा प्रविधिमैत्री अनुगमन प्रणाली अवाशयक छ।<br>- वर्तमान मौखिक वा कागजी अनुगमन प्रणालीले वास्तविकता झल्काउन सक्दैन। त्यसैले, प्रविधि प्रयोगबाट तथ्यांक संकलन, विश्लेषण र अनुगमन प्रभावकारी हुन्छ।<br>- स्वतन्त्र अनुगमनले पक्षपात न्यूनीकरण गरी सही मूल्याङ्कन गर्न मद्दत गर्छ। | हालका आधुनिक प्रविधिहरू जस्तै ड्रोन प्रविधिको प्रयोगबाट अनुगमन गरी पारदर्शिता, परिणाममुखी निर्णय र जवाफदेहिता वृद्धि गर्न तेस्रो पक्षद्वारा अनुगमन गरिने व्यवस्था गर्नुपर्छ। |
| ९. | बाँदरको आतंकबाट कृषकको बालि सुरक्षाका समाधान खिज्नुपर्ने । | बाँदरको आतंकले कृषकको बालीमा ठूलो क्षति पुऱ्याउँदै आयआर्जनमा असर पारिरहेकाले बाली सुरक्षाका दीर्घकालीन र प्रभावकारी समाधान खोज्न आवश्यक छ। | - प्रदेश सरकारले प्रभावित क्षेत्रको पहिचान, वैज्ञानिक अध्ययन र मूल्यांकन गर्ने ।<br>- स्थानीय तह र समुदायसँग समन्वय, प्रभावकारी रोकथाम तथा व्यवस्थापन प्रविधिको प्रयोग, र दीर्घकालीन वन्यजन्तु व्यवस्थापन नीति निर्माणजस्ता प्रक्रिया अपनाउने । |
| १०. | कृषकको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरु नीति तथा कागजमा मात्र सिमित नराखी व्यवहारीतामा उतार्नुपर्ने । | - कार्यक्रम व्यवहारमा लागू भएमा किसानले प्रत्यक्ष रूपमा सीप, ज्ञान र प्रविधि प्रयोग गर्न सक्ने वातावरण तयार हुने।<br>- यसले उत्पादनशीलता र आम्दानीमा वृद्धि गर्न मद्दत गर्ने।<br>- व्यवहारिक कार्यान्वयनले नीति र उद्देश्यबीचको दूरी घटाउँने।<br>- कार्यक्रमलाई परिणाममुखी बनाउने। | - सर्वेक्षणको माध्यमबाट कृषकहरूको क्षमता कुन-कुन पक्षमा वृद्धि गर्न आवश्यक छ भन्ने पत्ता लगाउने।<br>- सर्वेक्षणको निष्कर्षका आधारमा, राष्ट्रिय तथा प्रादेशिक नीति र प्राथमिकतासँग तर्कसंगत हुने कार्यक्रमहरू समावेश गर्ने। |

| | | | |
|---|---|---|---|
| ११. | ड्रागनफ्रुट, एभोकाडो जस्ता उदीयमान फलफूलको खेति प्रवर्धन गर्नुपर्ने । | - उदीयमान फलफूलको खेती प्रवर्द्धन गर्दा कृषकको आम्दानीमा वृद्धि हुने।<br>- यी फलफूलहरूले नयाँ बजारहरूको अवसर सिर्जना गर्ने।<br>- कृषि विविधिकरणबाट उत्पादनमा स्थायित्व र जोखिममा कमी आउने।<br>- यी फलफूलहरू उच्च पोषण मूल्य र बजारमा माग भएका कारण आर्थिक लाभ प्रदान गर्न सक्षम छन्। | - प्रदेश सरकारले उदीयमान फलफूलको खेती प्रवर्द्धन गर्न कृषकलाई उचित तालिम, कृषि प्रविधिको जानकारी र गुणस्तरीय बीउको उपलब्धता सुनिश्चित गर्नुपर्ने।<br>- बजारको माग र मूल्य निर्धारण अध्ययन गरेर उचित बजारीकरण प्रणाली विकास गर्ने।<br>- सरकारी अनुदान र प्रोत्साहन कार्यक्रममार्फत कृषकलाई यसमा लगानी गर्न प्रोत्साहन गर्ने ।सम्पूर्ण कृषि प्रक्रिया अनुगमन र मूल्यांकन गरेर उत्पादनको गुणस्तर सुनिश्चित गर्नुपर्ने। |
| १२. | स्थानीय बीउको गुणस्तर र विविधता कायम राख्नुपर्ने । | - स्थानीय बीउ वातावरणीय रूपमा अनुकूल, रोगप्रतिरोधी र परम्परागत ज्ञानमा आधारित हुन्छ।<br>- यसको संरक्षणले जैविक विविधता र खाद्य सुरक्षामा योगदान दिन्छ।<br>- गुणस्तरीय बीउले उत्पादनमा स्थायित्व ल्याएर कृषकको जोखिम घटाउँछ।<br>- बीउ परीक्षण, प्रमाणिकरण र प्रवर्द्धनमा प्रदेश र स्थानीय तहको समन्वय आवश्यक छ। | - बिउ बिउजनको खरिद गर्दा सार्वजनिक खरिद नियमावलीअनुसार सबैभन्दा कम पैसा प्रस्ताव गर्ने संस्थालाई ठेक्का दिने प्रावधान हुँदा उक्त सस्थाले गुणस्तरीय बिउ बिजन उपलब्ध गर्न नसक्ने अवस्था रहेको पाईन्छ, त्यसैले यस्तो प्रावधानलाई पुनरावलोकन गर्न अवाशयक छ।<br>- सामुदायिक बिउ बैंक स्थापना र किसान-किसान बिउ कार्यक्रम लागू गर्नुपर्ने। |
| १३. | डिजिटल अनुदान माग संगकलन प्रणाली डिजाईन तथा लागू गर्नुपर्ने । यसको साथ साथै आवेदन प्रक्रिया पनि डिजिटलाईज गर्नुपर्ने । | - हालको अनुदान माग संकलन प्रक्रिया कागजी प्रणालीमा आधारित हुँदा समय लाग्ने, गैर-पारदर्शी र तथ्यांक व्यवस्थापनमा कमजोरी आउँछ। डिजिटल प्रणालीको अभावले अनुगमन र निर्णय प्रक्रियामा प्रभावकारिता घटाउँछ।<br>- डिजिटल प्रणालीको प्रयोगले निर्णय प्रक्रियामा सहजिकरण, स्रोतको न्यायोचित वितरण र अनुदानको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याउनेछ।<br>- हालको प्रणालीले कृषि कार्यक्रम सञ्चालन गर्ने निकाय ( AKC, स्थानीय कृषि विभाग)सँग नजिक रहेका कृषकहरूलाई मात्र कार्यक्रमको पहुँच पुऱ्याउने छ र सबै कृषकहरूलाई यसको पहुँच नपुगेको छ। | - अनलाइन आवेदन प्लेटफर्म विकास गर्ने।<br>- यसमा कृषकको जानकारी स्वचालित रूपमा संकलन, अपलोड र प्रोसेसिङ गर्नको लागि आवेदन फारमहरू डिजिटाइज गर्नुपर्ने।<br>- दर्ता प्रक्रिया र अनुदानको स्थिति ट्र्याक गर्न मोबाइल एप्स वा वेब पोर्टलको प्रयोग गर्ने।<br>- डेटाबेस प्रणालीमा आधारित लाभग्राही पहिचान र अनुगमन प्रक्रियामा सुधार ल्याउनका लागि स्मार्ट डेटा एनालिटिक्स प्रयोग गर्ने। |

| | | | |
|---|---|---|---|
| १४. | कृषि योजना तर्जुमा गर्दा प्रत्येक स्थानीय तहसँग योजना माग गरी त्यसको विस्तृत छलफल पछि मात्र प्रदेश तहमा योजना तर्जुमा गर्नुपर्ने । | प्रदेश तहमा अहिलेसम्म योजना ट्राजमा गर्दा केहि स्थानीय तहसँग समन्वय गरिएको छ, तर प्रदेशले आफ्नो भुभाग भित्रका कृषिको आवश्यकता बुझ्न हरेक स्थानीय तहसँग यो समन्वय गर्न आवश्यक छ। | अहिलेको वार्षिक योजना तर्जुमा गर्दा खर्चिएको समय र आर्थिक तथा मानवीय स्रोतहरूको हिसाब गर्दै, प्रदेशले प्रत्येक वर्ष योजना तर्जुमा गर्दा प्रदेशका सबै स्थानीय तहसँग परामर्श र छलफल गर्नका लागि, समय, आर्थिक र मानवीय स्रोतहरूको व्यवस्था नीति तथा कार्यक्रममा गर्ने। |
| १५. | अनुदान वितरण गर्दा उत्पादनमा आधारित अनुदान वितरण प्रणाली अनुसार वितरण गर्ने । | उत्पादनमा आधारित अनुदान वितरण प्रणालीले वास्तविक, सक्रिय र व्यावसायिक कृषकलाई प्राथमिकता दिन मद्दत गर्छ। | - कृषक सूचिकरण र वर्गीकरण प्रणालीमार्फत विवरण संकलन गर्ने।<br>- कृषकले हरेक वर्ष बाली वा पशुपालनको विवरण स्थानीय कृषि शाखामा कृषि प्राविधिक वा सहकारीको सिफारिससहित पेश गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने।<br>- निर्धारण गरिएको मूल्याङ्कन मापदण्डअनुसार उत्पादनको परिमाण वा वार्षिक बिक्री मूल्यका आधारमा अनुदान तय गरिनुपर्ने।<br>- अनुदान पारदर्शी बनाउन नगद होइन, डिजिटल भौचर प्रणाली लागू गरी सिधा कृषि सामाग्री खरिदमा प्रयोग गर्न मिल्ने व्यवस्था गर्नुपर्छ। |
| १६. | कृषि सूचना केन्द्रको स्थापना गर्नुपर्ने । | - कृषि नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि कृषकहरूको सहभागिता अपरिहार्य छ।<br>- हालको अवस्थामा कृषि कार्यक्रम, नीति नियम तथा प्राथमिकताबारे जानकारी केही कर्मचारीसम्म मात्र सीमित छ, यो जानकारी आम कृषकसम्म पुऱ्याउनु आवश्यक देखिन्छ।<br>- केही स्थानीय निकायले सञ्चालन गरिरहेका कृषक पाठशाला तथा किसान कल सेन्टरजस्ता सेवा स्रोत अभावका कारण सबै स्थानीय तहमा सञ्चालन हुन सकेका छैनन्।<br>- प्रदेशभर एकीकृत कार्यविधिमा आधारित भएर यस्ता सेवाहरू सञ्चालन हुनुपर्ने देखिन्छ।<br>- केन्द्रिकृत तथ्यांक संकलनका लागि यस्ता सेवाहरूको समन्वय गर्ने निकाय आवश्यक देखिन्छ। | - किसान कल सेन्टर, कृषक पाठशाला सञ्चालन गरिरहेका स्थानीय तहसँग समन्वय गरेर मापदण्ड तयार गर्ने र अध्ययन गरी स्रोत तथा साधनको अनुमानसहित योजना तयार गर्ने।<br>- वार्षिक नीति तथा कार्यक्रममा यस्ता व्यवस्था समावेश गर्ने। |

| | | | |
|---|---|---|---|
| १७. | साना सिँचाइ कार्यक्रमको कार्यान्वयन प्रदेशको सुपरिभेक्षणमा स्थानीय तहलाई जिम्मा दिँनुपर्ने । | - स्थानीय तहको समुदायसँग प्रत्यक्ष सम्पर्क भएकाले योजना छनोट, निगरानी र समायोजनमा प्रभावकारी भूमिका खेल्न सक्छ।<br>- स्रोत व्यवस्थापन, अनुगमन र मूल्यांकनमा स्थानीय सहभागिता बढाउँदा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित हुन्छ।<br>- प्रदेशले नीति, प्राविधिक सहयोग र सुपरिवेक्षणद्वारा मार्गदर्शन गर्न सक्ने व्यवस्था हुनुपर्छ।<br>- यस्ता संयोजनले दीर्घकालीन परिणाममुखी सिँचाइ सेवा सुनिश्चित गर्न सकिन्छ। | - प्रदेशको स्रोत र साधनको उपयोग गरी स्थानीय तहको समन्वयमा साना सिँचाइ कार्यक्रमको आवश्यकताको मूल्यांकन गर्नुपर्ने।<br>- स्थानीय तहले कार्यक्रम सञ्चालन गर्ने र प्रदेशस्तरीय निकायले मापदण्ड तयार गरी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्छ। |
| १८. | जैविक खेती र निर्यात प्रवर्द्धन गर्ने अभ्यास लागू गर्ने । | - जैविक उत्पादनले स्वास्थ्यमैत्री खाद्यान्न सुनिश्चित गर्दै वातावरणीय सन्तुलनमा सहयोग पुऱ्याउँछ।<br>- स्थानीय तहको नेतृत्वमा साना किसानलाई लक्षित गर्दै उत्पादन, प्रशोधन र बजारीकरण सजिलो हुन्छ।<br>- निर्यात प्रवर्द्धनले स्थानीय र प्रादेशिक अर्थतन्त्र सुदृढ गर्दै रोजगारी र आम्दानीको स्रोत बढाउँछ। | - जैविक खेती प्रवर्द्धन गर्न अहिले सञ्चालन भैरहेका कार्यक्रमहरूमार्फत जैविक खेती गरेका आधारमा प्रोत्साहन अनुदान सुरु गर्ने।<br>- कृषकलाई जैविक खेतीबाट उत्पादन भएका कृषि उपजको राम्रो मूल्य दिलाउनका लागि पूर्ण रूपमा जैविक खेती गरी उत्पादन गरिएका र आंशिक रूपमा जैविक खेती गरी उत्पादन गरिएका वस्तुको कृषि प्रयोगशालामार्फत परीक्षण गरी लेबेलिङ गर्ने प्रावधान मिलाउने।<br>- पशुपालनजन्य उत्पादन (पशु मुत्र, मल) लाई ब्रान्डिङ गरी निर्यात बढाउने। |
| १९. | कृषि फर्म दर्ता, राजस्व शुल्क तथा नविकरणमा लगाइएको करभार र भरि शुल्क कम गर्नुपर्ने । | - कृषि फर्महरू साना र मध्यम श्रेणीका हुने भएकाले उच्च करभारले तिनीहरूको सञ्चालनमा आर्थिक दबाव सिर्जना गर्छ।<br>- उत्पादनमुखी कृषिमा लगानी प्रवर्द्धन गर्न सहज कर नीति आवश्यक हुन्छ।<br>- उच्च शुल्कले कृषि व्यवसाय दर्ताबाट किसानलाई हतोत्साहित गराउँछ।<br>- कृषिमा नवप्रवर्तन र व्यवसायीकरणको मार्ग खोल्न उदार राजस्व नीति उपयोगी हुन्छ। | - कृषकको पहिचानका आधारमा साना किसान भए दर्ता तथा नविकरणमा भारी छुटको व्यवस्था नीति तथा कार्यक्रममार्फत गर्ने।<br>- झन्झटिलो प्रक्रियाबाट मुक्त गर्न दर्ता तथा नविकरणको एकद्वार प्रणालीको विकास गर्ने। |

| | | | |
|---|---|---|---|
| | | - कर भार घटाउँदा दर्ता दर बढ्न सक्ने भएकाले सरकारको समग्र राजस्वमा दीर्घकालीन रूपमा सकारात्मक असर पर्न सक्छ। | |
| २०. | गण्डकी प्रदेशका सबै स्थानीय तहमा अनिवार्य न्यूनतम समर्थन मूल्य (MSP) कार्यक्रम संचालन गर्नुपर्ने । | - कृषकहरूलाई स्थानीय उत्पादनको उचित मूल्य दिलाउन।<br>- कृषकहरूको आम्दानीमा वृद्धि गर्न र कृषि उत्पादनलाई प्रोत्साहन गर्न।<br>- योजना लागू गर्दा, कृषकले बजार मूल्यको उतारचढावबाट सुरक्षित महसुस गर्नेछन्।<br>- न्यूनतम समर्थन मूल्यले कृषकहरूलाई उत्पादनमा निरन्तरता र उत्साह दिन्छ। | - सर्वप्रथम, कृषकहरूको वर्गीकरण , पहिचान र दर्ता प्रणाली सरल बनाउनु पर्ने।<br>- न्यूनतम समर्थन मूल्यको स्पष्ट नीति र प्रक्रियाको निर्धारण गरेर कृषकलाई उचित जानकारी दिने।<br>- स्थानीय तहको स्तरमा MSP कार्यान्वयनको निगरानी र अनुगमन गर्न एकद्वार प्रणालीको विकास गर्नु पर्ने।<br>- कृषकलाई अनुदान र प्रोत्साहनका माध्यमबाट MSP मा सहभागिता जनाउन प्रोत्साहित गर्नुपर्ने। |
| २१. | गण्डकी प्रदेशका सबै स्थानीय तहमा बालि र प्रविधि प्रदर्शन तथा प्रवर्धन कार्यक्रम संचालन गर्नुपर्ने । | - कृषकहरूलाई नयाँ प्रविधिको जानकारी र प्रयोग गर्न प्रेरित गर्न।यसले उत्पादन वृद्धि र कृषि क्षेत्रमा सुधार ल्याउन मद्दत पुर्‍याउँने।<br>- कृषकहरूले आधुनिक प्रविधि र नयाँ किसिमका बालि प्रयोग गरेर उत्पादन लागत घटाउन र आम्दानी बढाउन सक्ने।<br>- प्रविधि प्रदर्शन कार्यक्रमले कृषकहरूमा प्रविधिको पहुँच र उपयोगिता बढाउँछ।<br>- वडास्तरमा बालि प्रदर्शन कार्यक्रम सञ्चालन गरी किसानलाई कृषिमा उन्मुख र उत्पादनको उचित मूल्य सुनिश्चित गर्न। | - आधुनिक प्रविधिको जानकारी र तालिम दिन प्राविधिक कार्यशालाहरू सञ्चालन गर्नुपर्ने।<br>- विभिन्न किसिमका बालि र प्रविधिको प्रदर्शन गर्न स्थायी प्रदर्शनी केन्द्रहरू स्थापना गर्न आवश्यक छ।<br>- कृषकहरूलाई उत्पादनको उचित मूल्य र बजार पहुँचका बारेमा जानकारी दिने प्रणाली लागू गर्नु पर्ने।<br>- प्रविधिको प्रभावकारिता र लाभ प्रदर्शन गर्ने कार्यक्रमहरूको निरन्तर अनुगमन र मूल्याङ्कन गर्नुपर्ने। |
| २२. | समावेशी कृषि प्रयाालीको विकास गर्ने । | - महिला, अपाङ्गता भएका किसान, र अन्य हाशिएमा रहेका समुदायका कृषकहरूको पहुँच र अवसर बढाउन।<br>- यसले कृषि क्षेत्रमा समानता र न्याय सुनिश्चित गर्न मद्दत पुर्‍याउँछ।<br>- समावेशी प्रणालीले सबै कृषकलाई आधुनिक प्रविधि र स्रोतको पहुँचमा समान अवसर प्रदान गर्दछ। | - भूगोलिक हिसाबले कृषि यन्त्रिकरणको कार्यक्रमलाई परिमार्जन गर्ने।<br>- महिला कृषकका आवश्यकता र अप्ठेरो पहिचान गरेर तिनका समाधानका उपायमा केन्द्रीत कृषि कार्यक्रम सञ्चालन गर्ने।<br>- अपाङ्गता भएका कृषकको पहिचान गरी उनीहरूको आवश्यकता अनुसार तालिम, उपकरण र अनुदान प्रदान गर्नुपर्ने।<br>- यी सबै व्यवस्था नीति तथा कार्यक्रमद्वारा सुनिश्चित गर्ने। |

| | | | |
|---|---|---|---|
| २३. | प्रभावकारी कृषि प्रसार प्रणाली लागू गनुपर्ने । | - कृषकहरूले नयाँ प्रविधि, खेती प्रणाली र सुधारका उपायहरूमा सहज पहुँच पाउन।<br>- कृषिमा उत्पादन वृद्धि र दक्षता सुधार गर्न मद्दत पुर्याउँन।<br>- प्रसार प्रणालीले कृषकलाई सही समयमै आवश्यक जानकारी र तालिम पुर्याउन महत्त्वपूर्ण भूमिका खेल्छ। | - स्थानीय तहमा प्राविधिक तालिम र कार्यशालाहरू सञ्चालन गरेर कृषकलाई नयाँ प्रविधि र उत्पादन प्रणालीका बारेमा जानकारी दिनुपर्ने।<br>- डिजिटल प्लेटफर्ममार्फत कृषि जानकारी र सेवा उपलब्ध गराउनुपर्नेछ।<br>- कृषकका समस्याहरूको समाधान गर्न सहकारी संस्थाहरू र कृषि सेवा प्रदायकहरूसँग राम्रो समन्वय गर्ने। |